अध्यक्ष राम

# श्री खुर्पाखोला सामुदायिक वन उपभोक्ता समुह

नीलकण्ठ न.पा वडा नं. १३, धादिङ्ग

साल मिश्रित दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक प्रकाशित मिति (२०८३/०२/०८)**

यस खुर्पाखोला सामुदायिक वन उपभोक्ता समुह, नीलकण्ठ न.पा. वडा नं. १३, धादिङ्गको सामुदायिक वन क्षेत्रबाट आ.व २०८२/०८३ मा नियमानुसार सङ्कलन गरी घाटगद्दीमा राखिएको साल जातको मिश्रित दाउरा चट्टा (२०*५*५) ५ (पाँच) जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी सिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ। वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं.मा दर्ता भई जुनसुकै डिभिजन वन कार्यालयहरूमा वन नियामावली २०७९ बमोजिम सूचीकृत भएका इच्छुक फर्म, स:मिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र, बोलपत्र फारम खरिद निम्न रित पुर्याई बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

<u>तपसिल</u>

१. लिलाम हुने वन पैदावारको विवरण:

| सि.न. | लट नं. | जात | किसिम | परिमाण | न्युनतम मुल्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | दर | रकम | |
| १ | १ | साल मिश्रित | दाउरा | ५ | ८००० | ४०,०००।- | |
| जम्मा | | | | ५ | | ४०,०००।- | |

२. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय: २०८३।०२।२२ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन ।

३. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय: २०८३।०२।२५ गते मध्यान्ह १२.०० बजे सम्म । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन ।

४. निर्धारित गरिएको न्यूनतम संख्याका र रित पूर्वक पर्न आएका बोलपत्रहरु सूचनामा तोकिएको मितिमा बोलपत्रदाताहरू समेतको रोहबरमा खोलिने छ तर बोलपत्रदाता उपस्थित नभएकै कारणबाट बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. बोलपत्र फारमको लागि **रु एकलाख देखि दश लाखसम्म न्यूनतम मूल्यको लटका लागि रु १०००।-** (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको नाममा रहेको **राष्ट्रिय बाणिज्य वैंक, को खाता नं. १०३००१०२५००१** वा नगदी रसिदको सक्कलै भौचर संलग्न राखी यस सामुदायिक वन उपभोक्ता समूह तथा डिभिजन वन कार्यालय धादिङबाट खरिद तथा दाखिला गर्न सकिनेछ। बोलपत्र खरिद गर्नका लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मन्जुरिनामा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

६. बोलपत्र साथ कवुल गरेको रकमको १०% ले हुन आउने रकम धरौटी बापत यस सा.व.उ.स.को **राष्ट्रिय बाणिज्य वैंक, को खाता नं. १०३००१०२५००१** मा नगद जम्मा गरेको सक्कलै भौचर समावेश हुनुपर्नेछ।

७. लिलाम बढाबढ हुने वन पैदावार उल्लेखित घाटगद्दी भएको स्थलमा आई हेर्न सकिने छ।

८. लिलाममा भाग लिनका लागि वन पैदावार कारोबार गर्ने उद्देश्यले दर्ता भएका ईच्छुक संघ संस्था, फर्म वा कम्पनीले उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

२1म

९. बोलपत्रमा सकार गरिएको अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

१०. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्लाबेग्लै खरिद गर्नु पर्नेछ र बेग्ला बेग्लै दाखिला गर्नु पर्नेछ। **खाम बाहिर प्रष्ट रूपमा लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।**

११. लिलाम स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा प्रकाशित गरिने छ । सो को जानकारी लिनु पर्ने दायित्व बोलपत्रदाताको हुनेछ। **बोलपत्र स्वकृित भएको सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र** सकार गरेको रकम, निर्धारित मू.अ.कर , अग्रिम आयकर तथा संकलन खर्च समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्रमा उठाई जानु पर्नेछ।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अन्तिम निर्णय खुर्पाखोला सामुदायिक वन उपभोक्ता समुह, नीलकण्ठ न.पा-१३ को हुनेछ । अन्य बिषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ र वन नियमावली २०७९ मा उल्लेखित व्यवस्था पूर्ण रुपमा लागू हुनेछ।

१४. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिनभित्र सकार गरेको रकम तथा संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानुपर्नेछ।

१५. सूचना बमोजिम बोलपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्बन्धमा उठाइने कुनै विवाद स्वतः अमान्य हुनेछ।